# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, फागुन ३ गते, २०६६ साल (संख्या ४३


# भाग ५

## नेपाल सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

## कानून किताब (व्यवस्था र वितरण) (तेस्रो संशोधन) आदेश, २०६६

कानून किताब (व्यवस्था र वितरण) आदेश,२०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन,२०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस आदेशको नाम "कानून किताव (व्यवस्था र वितरण) (तेस्रो संशोधन) आदेश, २०६६" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ ।

२ **कानून किताव (व्यवस्था र वितरण) आदेश, २०२१ को दफा २ मा संशोधन**: कानून किताव (व्यवस्था र वितरण) आदेश, २०२१ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ :-

"२ **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको कानून किताव व्यवस्था समिति सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा समितिको सदस्य-सचिव समेतलाई जनाउँछ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ४ख. बमोजिम नियुक्त वा तोकिएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले कानून तथा न्याय मन्त्रालय सम्झनु पर्छ ।

(च) "तोकिएको" वा " तोकिए बमोजिम" भन्नाले यो आदेश अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ । "

३. **मूल आदेशको दफा ३ मा संशोधन** : मूल आदेशको दफा ३ को सट्टा देहायको दफा ३ राखिएकोछ:-

" ३ **समितिको गठन:** (१) कानून किताव व्यवस्था समिति नामको एउटा समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :-

५७५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) मन्त्रालयको सचिव वा निजले तोकेको सो मन्त्रालयको सह-सचिव -अध्यक्ष

(ख) प्रतिनिधि (सह-सचिवस्तर), अर्थ मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि (सह-सचिवस्तर), गृह मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि (सह-सचिवस्तर), परराष्ट्र मन्त्रालय -सदस्य

(ङ) महानिर्देशक, मुद्रण विभाग -सदस्य

(च) प्रतिनिधि (सह-सचिवस्तर), महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(छ) नेपाल बार एशोसियसनको अध्यक्ष वा अध्यक्षले तोकेको सो एशोसियसनको पदाधिकारी -सदस्य

(ज) कार्यकारी निर्देशक -सदस्य-सचिव"

४. **मूल आदेशको दफा ४ मा संशोधन** : मूल आदेशको दफा ४ को,- (१) उपदफा (१) को खण्ड (ख) र (घ) को सट्टा देहायका खण्ड (ख) र (घ राखिएका छन् :-

"(ख) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(घ) विभिन्न पुस्तक, डायरी रसिद आदि छपाई गर्ने, गराउने,"

(२) उपदफा (२) को,-

(क) शुरूमा रहेका "उपखण्ड (१)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ग) मा रहेका "नेपाल अधिराज्यको " भन्ने शव्दहरूको सट्टा " नेपालको" भन्ने शब्द राखिएकोछ।

(ग) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) समितिको कोषमा जम्मा भएको रकम कुनै बैंकमा मुद्दती खाता खोली जम्मा गर्ने, "



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५ **मूल आदेशमा दफा ४क. र ४ख. थप:** मूल आदेशको दफा ४ पछि देहायका दफा ४क.र ४ख थपिएका छन्:-

"**४क. समितिको बैठक र निर्णय:** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक वस्ने सूचना सामान्यतया बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाडि सदस्यहरूलाई दिनु पर्नेछ र त्यस्तो सूचनामा बैठकमा छलफल हुने विषय सूची समेत संलग्न गर्नु पर्नेछ ।

(४) समितिको पचास प्रतिशतभन्दा वढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा सदस्यहरूले आफूहरूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य- सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारित गरे बमोजिम हुनेछ ।

**४ख . कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था:** (१) समितिको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि एक कार्यकारी निर्देशक हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट वाणिज्य शास्त्र वा व्यवस्थापनमा स्नातकोत्तर उपाधि हासिल गरेका व्यक्तिहरूमध्येबाट तोकिए बमोजिम खुल्ला प्रतिस्पर्धाको आधारमा समितिले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि मन्त्रालयले समितिबाटै पारिश्रमिक र सुविधा पाउने गरी नेपाल न्याय सेवा, कानून समूहको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको कुनै अधिकृत वा समितिमा बहाल रहेको वरिष्टतम अधिकृतलाई बढीमा छ महिनाको निमित्त कार्यकारी निर्देशकको रूपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र समितिले आवश्यक देखेमा निजको थप एक पदावधि थप गर्न सक्नेछ ।

(५) समितिको वहालवाला कुनै कर्मचारी उपदफा (२) बमोजिम कार्यकारी निर्देशकको पदमा नियुक्ति भएमा उपदफा (४) बमोजिम निजको पदावधि समाप्त भएपछि निज समितिको सेवाबाट स्वत: अवकाश हुनेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले आफ्नो पद अनुरूपको काम नगरेमा समितिले निजलाई पदावधि समाप्त हुनु अगाबै सो पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा तोकिए बमोजिम हुनेछ । त्यसरी नतोकिएसम्म



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

निजको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा समितिले तोके बमोजिम हुनेछ।

(८) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः:-

(क) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा वजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिको काम, कारबाही सुव्यवस्थित तरिकाबाट सञ्चालन गर्न आवश्यक काम गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने,।"

६. **मूल आदेशमा दफा ५क. ५ख. र ५ग. थप:** मूल आदेशको दफा ५ पछि देहायका दफा ५क. ५ख. र ५ग. थपिएका छन् :-

"**५क. समितिको लेखा र लेखा परीक्षण:** (१) समितिको आय व्ययको लेखा व्यवसायिक लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) समितिले नेपाल सरकारले अपनाएको कार्यविधिबाट आन्तरिक लेखा परीक्षण गराउनु पर्नेछ।

(३) समितिको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा समितिको आय व्ययको लेखा, सो सम्बन्धी कागजात र अन्य नगद वा जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

**५ख. समितिको वार्षिक प्रतिवेदन:** समितिले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र वर्षभरिमा आफूले सम्पादन गरेको काम कारबाहीको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।